दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३७ | बुटवल | २०८१ माघ १८, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Jan 31, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# राजस्व संकलनमा सुधार

**गत आर्थिक वर्षको पौष महिनामा संकलित राजस्वसँग तुलना गर्दा यो वर्ष १३.४९ प्रतिशतले वृद्धि भएको छ।**




**मोहम्मद हबिब**

*भैरहवा*

आन्तरिक राजस्व कार्यालय, भैरहवाको राजस्व संकलनमा सुधार आएको छ । कार्यालयले चालु आर्थिक वर्ष २०८१/०८२ को ६ महिनामा (साउनदेखि पौषसम्म) लक्ष्यको ८७.४३ प्रतिशत राजस्व संकलन गरेको छ।

कार्यालयका प्रमुख कर अधिकृत प्रेमराज पोखेलले पौष महिनामा विभागले दिएको १ अर्ब २३ करोड लक्ष्यमा १ अर्ब ३ करोड संकलन गरेको बताए।

यो लक्ष्यको ८४.४९ प्रतिशत हो। प्रमुख पोखेलका अनुसार यो गत आवको पौष महिनामा संकतिल राजस्वसँग तुलना गर्दा १३.४९ प्रतिशतले वृद्धि हो।

यसैगरी, चालु आर्थिक वर्षको पौष महिनासम्मको लागि ६ अर्ब ३३ करोड संकलनको लक्ष्य राखेकोमा ५ अर्ब ५४ करोड अर्थात् लक्ष्यको ८७.४३ प्रतिशत प्रतिशत संकलन भएको पोखेलले जानकारी दिए।

पोखेलले गत वर्षको सोही अवधिमा संकलित राजस्व ४ अर्ब ७७ करोडको तुलनामा १६ प्रतिशतले वृद्धि भएको बताए।

कार्यालयले चालु आर्थिक वर्ष २०८१/०८२ को पहिलो ६ महिनामा आयकरतर्फ ७८ करोड १९ लाख, मूल्य अभिवृद्धि करतर्फ ९३ करोड ९३ लाख र अन्तःशुल्कबापत ३ अर्ब ७३ करोड संकलन गरेको छ।

अर्थतन्त्रका सूचकहरूमा देखिएको सुधार, नक्कली मू.अ.कर बीजक जारी गर्नेलाई कारबाहीको दायरामा ल्याएर कर असुल्नु, नियमित बजार अनुगमन, बक्यौता असुलीमा तीव्रता, कर परीक्षण र अनुसन्धानको प्रभावकारिता जस्ता कारणले राजस्व संकलनमा वृद्धि देखिएको उनी बताउँछन्।

साथै कार्यलयका अनुसार कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको, तर स्थायी लेखा नम्बर नलिएको भए त्यस्तो व्यक्तिले स्थायी लेखा नम्बर लिएर आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा व्याज मिनाहा गर्ने जनाएको छ ।

सो बमोजिम आय विवरण र सो मा लाग्ने कर बुझाएमा सोभन्दा अघिका आय वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा व्याज बुझाउनु पर्ने छैन।

आय विवरण बुझाउन बाँकी करदातालाई कार्यालयले विशेष छुटको व्यवस्था पनि गरेको कार्यलयले जनाएको छ। कार्यलयले स्थायी लेखा नम्बर लिई आय विवरण बुझाउन बाँकी रहेको करदाताले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने व्याजको २५ प्रतिशतले हुने रकम २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी व्याज मिनाहा गर्ने जनाएको छ।

यसैगरी २०८० साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने, मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले आफूले बुझाउनु पर्ने कर विवरण, सो कर विवरण अनुसारको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने व्याजको ५० प्रतिशतले हुने रकम २०८१ साल फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिबाना, थप दस्तुर तथा बाँकी व्याज मिनाहा गर्ने आन्तरिक राजस्व कार्यालय भैरहवा जनाएको छ।

# अध्यादेश अस्वीकार गर्ने विपक्षी सात दलको निर्णय



बुटवल । सात विपक्षी राजनीतिक दलले सरकारले ल्याएको अध्यादेश अस्वीकार गर्ने निर्णय गरेका छन्। गलत विधि र प्रक्रियामार्फत् सरकारले अध्यादेश ल्याएर जनतालाई भ्रम छरेको विपक्षी दलहरूको ठहर छ।

बिहीबार सिंहदरबारमा बसेको विपक्षी सात दलको बैठकलेसरकारले गलत प्रक्रियाबाट अध्यादेश ल्याएको ठहर गर्दै त्यसलाई अस्वीकार गर्ने निर्णय गरेको हो।

हिउँदे अधिवेशनको पहिलो दिन ( आज माघ १८ गते) नै सरकारले अध्यादेश संसद्मा पेस गर्ने तयारी गरेको छ। आजै प्रमुख दलका शीर्ष नेताले संसद्लाई सम्बोधन गर्ने तयारी छ।

बिहीबार बसेको विपक्षी दलको बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले आज शुक्रबारदेखि सञ्चालन हुने संसद् अधिवेशनमा कसरी प्रस्तुत हुने भन्ने बारेमा विपक्षीको साझा धारणा बनेको बताए । जनसरोकारका विषयहरूमा पनि विपक्षी दलहरू एकमत भएर सशक्त आवाज उठाउन सहमत रहेको उनले जानकारी दिए।

'सरकारले सदन बोलाउने बेलामा नै जसरी अध्यादेश ल्याएको छ, यो विधि र प्रक्रियाको हिसाबले पनि बेठिक छ,' पाण्डेले भने-'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन समितिमा छ तर सरकारले छिटो गर्ने भनेर अध्यादेशमा समेटेको छ । त्यो त संसद्को अर्थ समितिमा छलफलमै छ। त्यहाँबाट छलफल गरेर पारित गर्दा झन् छिटो हुन्थ्यो।'

जनतालाई सहज र छिटो सेवा प्रदान गर्न सरकारले अध्यादेश ल्याएको दाबी गरे पनि सरकारकै व्यवहारबाट त्यो खण्डित भएको विपक्षी दलको तर्क छ। अध्यादेशबाट सरकार चलाउने कुरा बेठिक भएको निष्कर्ष निकालेका विपक्षी दलले सदनलाई सशक्त ढंगबाट जनताका आवाज मुखरित गर्ने ठाउँ बनाउनुपर्नेमा जोड दिएका छन्। उनीहरूले सरकार नसच्चिए सडक आन्दोलन समेत गर्न पछि नपर्ने चेतावनी दिएका छन्।

'सरकार नसच्चिए आवश्यक परे सडक आन्दोलनको तयारीसमेत गर्नुपर्ने हुन्छ । हामी त्यसको तयारीमा समेत छौं।'- पाण्डेले भने।

यसअघि गत माघ ४ गते विपक्षी सात दलले संयुक्त पत्रकार सम्मेलन गर्दै देश र जनताको हित प्रतिकूल सरकारका निरंकुश गतिविधिबाट आम जनतामा राज्य र सरकारप्रति चरम निराशा उत्पन्न भइरहेको जनाएका थिए। साथै उनीहरूले भ्रष्टाचार विरोधी अभियान अवरुद्ध गरेको, भ्रष्टाचारीहरूलाई जोगाएको र भ्रष्टाचार बढाएको बताएका थिए।

विगतमा अघि बढाइएका गिरिबन्धु टी स्टेट, नक्कली भुटानी शरणार्थी प्रकरण, बालमन्दिर तथा स्काउटका जग्गालगायतका भ्रष्टाचारका फाइलहरू बन्द हुन पुगेका र सत्तारुढ दलका भ्रष्टाचारमा मुछिएका नेता तथा कार्यकर्तालाई यो वा त्यो बहानामा उन्मुक्ति दिने प्रपञ्च भइरहेको विपक्षी दलको आरोप छ।

बहुमतको दम्भमा सरकारले एकपछि अर्को चाल्दै आएका कैयन् जनविरोधी कार्यको जनस्तरबाटै चर्को विरोध हुन थालेपछि संसद्मा प्रतिरक्षा गर्न नसकेर अध्यादेशको भर पर्नुपर्ने अवस्थाले सत्तारुढ गठबन्धनले सरकार सञ्चालनको नैतिक आधारसमेत गुमाइसकेको विपक्षी दलको ठहर छ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले अध्यादेशमा सबै विपक्षी दलले एक मुखले विरोध गर्ने निर्णय बिहीबारको बैठकले गरेको बताए ।लोकतन्त्रको बचाउमा हुने सरकारविरोधी आन्दोलनका क्रममा सडकमा समेत जानुपर्ने अवस्था आए त्यसबाट समेत पछि हट्न नहुनेमा सबै विपक्षी दलका नेताको एकमत रहेको केसीको भनाइ छ।

विपक्षी दलको मोर्चामा नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेकपा एकीकृत समाजवादी, राप्रपा, नेपाल समाजवादी पार्टी, आम जनता पार्टी र जनमोर्चा छन्।

बैठकमा रास्वपा सांसद तथा पूर्वगृहमन्त्री समेत रहेका रवि लामिछानेका सन्दर्भमा समेत छलफल भएको थियो। रास्वपाका कार्यवाहक सभापति डीपी अर्यालले रवि लामिछानेमाथि सरकारले राजनीतिक प्रतिशोध साँधेर दुःख दिएकाले सबै विपक्षीले त्यसबारे पनि संसद्मा विरोध गर्नुपर्ने प्रस्ताव गरेका थिए। लामिछानेको सांसद पद निलम्बनका बारेमा समेत विपक्षीले सदनमा आवाज उठाउनुपर्ने अर्यालको प्रस्तावलाई राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले अस्वीकार गरेका थिए।

# प्याब्सन लुम्बिनी प्रदेश अध्यक्षमा पाण्डे




बुटवल । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) लुम्बिनी प्रदेश कमिटीको अध्यक्षमा लालहरि पाण्डे निर्वाचित भएका छन् । संस्थाको चौथो अधिवेशनअन्तर्गत बुधबार भएको मतदानमा प्रतिस्पर्धी लेखनाथ पौडेललाई ८० मत अन्तरले पराजित गर्दै पाण्डे दोस्रो कार्यकालका लागि निर्वाचित भएका हुन्। पाण्डेले २१७ मत पाएर विजयी हुँदा पौडेलले १३७ मत पाएका निर्वाचन समितिका संयोजक गोबिन्दप्रसाद मरासिनीले जानकारी दिए।

यस्तै वरिष्ठ उपाध्यक्षमा धनराज चापागाईं २११ मत पाएर निर्वाचित भए । उनका प्रतिस्पर्धी केशव सापकोटाले १४४ मत पाए । सचिवमा कृष्णप्रसाद शर्मा १८७ मत पाएर विजयी हुँदा प्रतिस्पर्धी यम रावतले १७१ मत पाए।

दुई उपाध्यक्ष पदमा अमरराज सुवेदी र महेशमान बज्राचार्य तथा कोषाध्यक्षमा महेश भुर्तेल र सहसचिवमा राजेन्द्रकुमार आचार्य निर्विरोध निर्वाचित भएका छन्। यस्तै कार्यसमिति सदस्यमा हरि ज्ञवाली, उपेन्द्र गुप्ता, पूर्णबहादुर थापाराजु यादव र रोशन श्रेष्ठ निर्वाचित भएका निर्वाचन समितिका संयोजक मरासिनीले जानकारी दिए । प्याब्सन लुम्बिनीमा करिब ५ सय विद्यालय आबद्ध छन्।

# मधेशकेन्द्रित आठ दलको कार्यदल

बुटवल । मधेसकेन्द्रित आठ दलले कार्यदल गठन गरेका छन् । बिहीबार सिंहदरबारमा बसेको सबै दलबाट १/१ जना हुने गरी कार्यदल बनाएका हुन् । बैठकले जसपाका इस्तियाक राई, जनमतबाट शरदसिंह यादव, जसपा नेपालबाट मनिष सुमन, नागरिक उन्मुक्तिबाट गंगाराम चौधरी, लोसपाबाट लक्ष्मणलाल कर्ण, राष्ट्रिय मुक्ति पार्टीका केशव झा मेहता, जनता प्रगतिशीलबाट शिवजि यादव र लोसपाबाट ब्रजेश सिंह रहेको कार्यदल गठन गरिएको छ। कार्यदलले साझा एजेण्डा तय गर्न मस्यौदा बनाउने, कार्यदलमा भएका विषय दलमा राख्ने, विधेयकमा समान धारणा तय गर्ने जनमतका प्रवक्ता शरदसिंह यादवले जानकारी गराए। सामाजिक सञ्जाललाई नियमनभन्दा पनि नियन्त्रण गर्ने गरी सरकारले विधेयक ल्याएको भन्दै उनले अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्न नपाइने बताए।

बैठकमा साझा धारणा सार्वजनिक गर्न ढिला गर्न नहुनेमा सबै दल एकमत रहेको राष्ट्रिय मुक्ति मोचौका नेता केशव झाले जानकारी गराए।

# निर्माण व्यवसायीको आन्दोलन स्थगित

बुटवल। प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटेपछि निर्माण व्यवसायीले आन्दोलन रोकेका छन् । नेपाल निर्माण व्यवसायी महासंघ टोलीले बुधबार प्रधानमन्त्री ओलीसँग भेटेको थियो । भेटमा प्रधानमन्त्री ओलीले समस्या समाधानमा कार्यदल गठन गर्न सरोकारवालालाई निर्देशन दिएका थिए।

प्रधानमन्त्रीसँगको भेट सकारात्मक भएको भन्दै महासंघले शुक्रबारदेखि राजधानीमा गर्ने भनेको धर्नासहित कार्यक्रम फिर्ता लिने निर्णय गरेको हो।

यसअघि महासंघले २७ पुसमा राष्ट्रिय भेला आयोजना गरी चरणबद्ध आन्दोलन घोषणा गरेको थियो। महासंघले भुक्तानी, मूल्यवृद्धि तथा विभिन्न सार्वजनिक खरिद कानुनमा रहेका अवरोध हटाउन माग गर्दै आएको छ । यसैबिच निर्माण व्यवसायीले विभिन्न दलका नेता र विभागीय मन्त्रीहरूलाई भेटेर ज्ञापन पत्र बुझाएका थिए । साथै, १४ बुँदे माग पूरा गर्न १५ दिनको अल्टिमेटम दिएर १८ माघदेखि सडक आन्दोलन घोषणा गरेका थिए।



# सम्पादकीय

## बढ्दो सार्वजनिक ऋण घटाऊ

नेपालको सार्वजनिक ऋण वृद्धिको दर बढ्दै गएको छ। २०६३ सालमा ३.५ खर्ब रहेको सार्वजनिक ऋण पछिल्लो १८ वर्षमा ७ गुणाले बढेको छ। पछिल्लो तथ्याङ्कअनुसार नेपालको कुल सार्वजनिक ऋण २५.३ खर्ब पुगेको छ। जुन कुल गार्हस्थ उत्पादनको ४४.१४ प्रतिशत हो। अहिले नेपालको कुल गार्हस्थ उत्पादन रु ५७ खर्ब रहेको अनुमान छ। आन्तरिक ऋण रु. १२.६ खर्ब छ भने वैदेशिक ऋण रु. १२.७ खर्ब रहेको छ। सार्वजनिक ऋण सबै देशको हुन्छ, सबैले लिन्छन् नै, तर मुख्य सवाल ऋण लिएर सरकारले कुन क्षेत्रमा खर्च गर्छ भन्ने हो। ऋण लिएर उत्पादनशील क्षेत्र र विकास निर्माणमा खर्च गर्दा त्यसले भविष्यमा मुलुकलाई फाइदा नै हुन्छ, तर नेपालको हकमा सार्वजनिक ऋणको ठूलो भाग चालु खर्चमै खर्च हुने गरेको छ। यो निकै ठूलो चिन्ताको विषय हो।

नेपालको पछिल्लो बजेटअनुसार कुल १८.६ खर्बको बजेटमा चालु खर्च ६१ प्रतिशत,वित्तीय व्यवस्थापन (पहिला लिएको ऋणको ब्याज) मा २० प्रतिशत र पुँजीगत खर्चमा सबैभन्दा कम जम्मा १९ प्रतिशत रहेको छ। कुनै पनि विकासोन्मुख देशले आर्थिक प्रगति गर्न पुँजीगत खर्च बढाउन अत्यावश्यक हुन्छ, तर नेपालको बजेट अधिकांश चालु खर्च र वित्तीय व्यवस्थापनमा खर्च हुनु दुर्भाग्य हो। नेपालको विकास हुने हो भने बजेटको ठुलो भाग पुँजीगत बजेटमा खर्च हुनुपर्छ। चालु खर्च अत्याधिक हुनुमा प्रदेश सरकारहरुको ठूलो भूमिका रहेको छ। लगभग वार्षिक ३ खर्बको बजेट हुने प्रदेश सरकारहरुले भौतिक निर्माण, शिक्षा र स्वास्थ्यलाई गुणस्तरीय बनाउनुको साटो दलहरुलाई भाग पुऱ्याउन जम्बो मन्त्रिमण्डल बनाउने, मुख्यमन्त्री र मन्त्रीका सचिवालयहरु पनि कार्यकर्ता भर्ती केन्द्र बनाउने र प्रभावकारीहीन संघ, संस्था र शीर्षकमा बजेट खर्च गर्ने गरेका छन्।

संघीयताको कार्यान्वयनका कारण बढेको खर्च, बजेटको ६०-६५ प्रतिशत चालु खर्चमा जानु, सरकारका महत्वाकांक्षी विकास योजनाहरू र सीमित राजस्व संकलनका कारण आन्तरिक र विदेशी ऋणमा निर्भरता बढेको छ। थप ऋणबाट सञ्चालन हुने धेरैजसो विकास परियोजनाहरू समयमा पूरा नहुनु, व्यापक भ्रष्टाचार र प्रशासनिक कमजोरीका कारण लागत वृद्धि र कम प्रतिफल हुने गरेको छ जसले गर्दा ऋणको भार बढ्दो छ। अहिले प्रत्येक नेपालीको टाउकोमा ऋणको भार ८५ हजार रुपैयाँ पुगेको छ। प्रशासनिक र चालु खर्चमा मात्र ऋण लिएको पैसा खर्च हुने हो भने ऋणको भार भविष्यमा अझैं बढ्ने पक्का छ।

समयमै सरकारले समाधानको उपायहरु नअपनाए भविष्यमा अझ गहिरो आर्थिक संकट आउने छ। आर्थिक संकट आउन नदिन वित्तीय अनुशासन कायम गरी चालु खर्च बजेटको ६१ प्रतिशत व्यापक रूपमा कटौती गर्नु अपरिहार्य छ। केहि वर्ष पहिला डा. डिल्लीराज खनाल नेतृत्वको आयोगले देशको चालु खर्च वार्षिक ३-३.५ खर्बसम्म घटाउन सकिन्छ भन्ने अनुमान गरेको थियो। उक्त प्रतिवेदनमा संघीय/प्रदेश मन्त्रालयको संख्या घटाउने, दर्जनौं समिति/परिषद्हरु जुन राजनीतिक दलको कार्यकर्ता भर्ती केन्द्र भएको छन् त्यस्तालाई पूर्णरूपले बन्द गर्ने आदि जस्ता प्रशासनिक खर्च घटाउने उपायहरु समावेश छन्। तर उक्त प्रतिवेदन कार्यान्वयनमा कसैको चासो छैन। राजनीतिक इच्छाशक्ति, इमानदारी र नैतिकताको अभावले सार्वजनिक ऋण घटाउने र समाधान अपनाउने उपायहरु अवलम्बन नगरेको अवस्थालाई अन्त्य गर्न सरकार गम्भीर बन्न जरूरी छ।

# अध्यादेश : आवश्यकता कि बल मिच्याइँ ?



शंकरनाथ काफ्ले

अध्यादेशको सम्बन्धमा जहिले पनि चर्चा चल्ने गर्दछ। जुन समयमा जसको नेतृत्वमा सरकार बनिरहेको हुन्छ उसले अध्यादेशको औचित्य र महत्वको बारेमा स्पष्ट पारिरहेको हुन्छ भने जुन समयमा जो विपक्षमा रहेको हुन्छ उसले अध्यादेशलाई सरकारले संसद्को अवमूल्यन गरेर अध्यादेश ल्यायो भनेर आलोचना गरिरहेको हुन्छ। अर्को अर्थमा भन्नुपर्दा सरकारमा बस्नेको लागि अध्यादेश सधैँ सकारात्मक बनिरहेको हुन्छ भने विपक्षीमा बस्नेको लागि विरोध गर्ने माध्यम। अध्यादेश विपक्षीले विरोध गर्ने वा राजनीति गर्ने माध्यम मात्र बनिरहेको छ। सही रुपमा यसको अभ्यास गरौँ भन्ने भाव न सरकारमा बस्नेलाई हुने गरेको छ, न विपक्षीले जिम्मेवारपूर्ण ढंगबाट यसको प्रतिवाद गर्न सकिरहेका हुन्छन्। अध्यादेशलाई गिजोल्दा गिजोल्दै कुनै कालखण्डमा यसले नकारात्मक परिणाम पनि जन्माउन सक्छ भन्ने कुरामा दलहरु सचेत भएको देखिँदैन।

अध्यादेश संवैधानिक व्यवस्था हो। सरकार सञ्चालनको लागि अध्यादेशको आवश्यकता पर्ने भएकोले नै संविधानमा अध्यादेशसम्बन्धी व्यवस्था गरिएको छ। अध्यादेशलाई प्रत्येक मुलुकले आवश्यकताअनुसार अभ्यास गरिरहेको पाइन्छ। अध्यादेश सरकारको आवश्यकताले मात्र होइन, विशेष परिस्थितिको कारणले गर्दा जारी गर्नुपर्ने हुन्छ। अध्यादेशलाई सरकारले आफ्नो अधिकार वा हतियारको रुपमा मात्र सोच्न थाल्यो भने त्यो अध्यादेशले सरकारलाई स्वेच्छाचारी वा निरंकुशतातर्फ अघि बढाउन सक्छ। अध्यादेश सरकारको आफ्नो आवश्यकतामा लोकतान्त्रिक विवेकको प्रयोग गरेर जारी गर्नुपर्ने हुन्छ। अध्यादेशमा संसद्को सक्रिय भूमिका कुनै रहँदैन। संसद्लाई अधिकार दिएको जस्तो गरिन्छ तर उसको मुखमा टेप लगाइएको हुन्छ। पारित गर्ने अधिकार प्रदान गरिएको हुन्छ तर ह्वीपको डण्डाले तर्साइएको हुन्छ। तसर्थ सरकारको मनसाय दूषित हुन गयो भने अध्यादेशको माध्यमबाट नै सम्पूर्ण उपलब्धि गुम्ने सम्भावना पनि उत्तिकै रहेको हुन्छ। इतिहासमा अध्यादेशकै सहारा लिएर राजनीतिक कू भएका प्रशस्त उदाहरण हामीले भोगिसकेका छौं।

नेपाली शब्दकोषका अनुसार अध्यादेश भनेको विधायिका वा संसद्को अधिवेशन नभएको बेला खास समयका निम्ति आवश्यक परेमा राष्ट्रको सर्वोच्च सत्ताबाट विशेष अधिकारको प्रयोग गरी जारी भएको वा हुने कानुनसरहको मान्यताप्राप्त आदेश हो। हाम्रो संविधानको धारा ११४ मा अध्यादेशको सम्बन्धमा व्यवस्था गरिएको छ। संविधानको धारा ११४ को उपधारा १ बमोजिम संघीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ भनी व्यवस्था गरेको छ। मन्त्रिपरिषद्लाई तत्काल केही गर्न आवश्यक पऱ्यो भने अध्यादेश जारी गर्न पाउने अधिकार रहेको भन्ने व्यवस्थालाई कहिलेकाहीँ सरकारले दुरुपयोग गर्न खोजेको पाइन्छ।

संसद् चलिरहेको अवस्था छ, सरकारले कुनै विधेयक संसद्बाट तत्काल पारित गराउन सक्ने अवस्था छैन तर सरकार उक्त विधेयकलाई कानुन बनाउन चाहन्छ भने उसले तत्काल संसद्को अधिवेशन स्थागित गरेर संसद् नबसेको अवस्था बनाउन सक्छ। त्यसपछि उसले अध्यादेशको माध्यमबाट आफ्नो उद्देश्य पूरा गर्दछ वा गर्ने गरेको छ। यसलाई दूषित मनसायको संज्ञा दिन सकिन्छ, यद्यपि त्यो कार्य संविधानसम्मत नै मानिन्छ। अध्यादेश ऐनसरह मान्य हुनेछ। अध्यादेश ल्याएर गरेका जुनसुकै कुरा कानुनसम्मत हुने भएकोले त्यहाँ ठोस प्रश्न उठाउने आधार रहँदैन। संवैधानिक प्रश्न उठाएर अदालतमा पुगे पनि त्यसको सुनुवाइ हुँदाहुँदै सरकारले आफ्नो सम्पूर्ण उद्देश्य पूरा गरिसकेको हुनेछ। तसर्थ अध्यादेश असल सरकारको लागि जिम्मेवारी पूरा गर्ने साधन हो भने खराब सरकारको लागि निरंकुश र स्वेच्छाचारी बन्ने साधन पनि हो।

अध्यादेश जारी भएपछि बसेको संघीय संसद्को दुवै सदनमा पेस गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुनेछ भन्ने व्यवस्था छ। संसद्मा सरकारको नै बहुमत हुने गर्दछ। सरकारले जारी गरेको अध्यादेशलाई स्वीकृत गराउन विनाछलफल एक ढंगबाट पारित गराउनको लागि ह्वीपसमेत जारी गर्ने गर्दछ। सडकमा अध्यादेशको विरोध गर्ने माननीयहरु पनि संसद्मा अध्यादेश पारित गराउन लाचार भएर सहयोगी बन्नुपर्ने अवस्था आउने गर्दछ। कानुन निर्माणमा संसदीय सर्वोच्चता हुने भए पनि व्यवहारमा सरकारको लाचार छाया बन्नुपर्ने अवस्थामा अध्यादेशको माध्यमबाट पुऱ्याउने पनि गर्दछ। संविधानले राष्ट्रपतिबाट जुनसुकै बखत अध्यादेश खारेज हुन सक्नेछ भन्ने व्यवस्था गरेको भए पनि राष्ट्रपतिको स्वविवेकले त्यसो गर्न पाउने अधिकार छैन। मन्त्रिपरिषद्को निर्णयले नै अध्यादेश जारी गर्न र खारेज गर्न राष्ट्रपतिलाई बाध्य पार्दछ। कुनै अवस्थामा अध्ययनको लागि राष्ट्रपतिले समय लिँदासमेत कोलाहल मच्चाउने गरिन्छ।

हुन त अध्यादेश जारी भई दुवै सदनको बैठक बसेको साठी दिनभित्र पनि अध्यादेश पारित नभएमा अध्यादेश निष्क्रिय वा खारेज हुने भन्ने व्यवस्था गरिएको छ। संसद् चले पनि संसद्मा निरन्तर अवरोध सृजना भइरहेमा वा अघिल्लो सरकारले जारी गराएको अध्यादेश संसद् चल्दा अर्को सरकारको गठन भएमा नयाँ बन्ने सरकारले उक्त अध्यादेश आवश्यक नठानेमा मात्र अध्यादेश निष्क्रिय भएर जाने सम्भावना हुन्छ, अन्यथा सरकारले जुनसुकै नीति अपनाएर भए पनि अध्यादेश पारित गराएर नै छाड्ने अभ्यास छ।

सरसर्ती हेर्दा संसद्को काम कानुन बनाउने भए पनि अध्ययादेशको संस्कारले संसद्को कानुन बनाउने अधिकार खोसिएको हुन्छ। कानुनको आवश्यकता भएपछि संसद्ले लामो समय छलफल गर्ने गर्दछ। एउटा कानुन बनाउनको लागि संसद्ले वर्षौंसम्म पनि समय खर्च गरिरहेको हुन्छ र बल्ल सहमतिको आधारमा कानुन निर्माण गर्न पुग्छ। तर सरकारले आफ्नो इच्छाले निर्माण गर्ने अध्यादेश आफ्नै सजिलोको लागि निर्माण गरिरहेको हुन्छ। हुन त अध्यादेशलाई संसद् चलेको ६० दिनभित्र पारित गर्नुपर्ने भन्ने व्यवस्था छ। पारित गर्ने जिम्मा संसद्को नै हुनेछ। तर त्यसमा खासै छलफल हुन सक्दैन। जब अध्यादेश टेबुल गर्ने दिन आउँछ, सरकार सम्मिलित दलहरुले आफ्ना सांसदहरुलाई संसद्मा उपस्थित भई अनिवार्यरुपमा अध्यादेशको पक्षमा आफ्नो मत दिनको लागि ह्वीप नै जारी गर्ने गर्दछ। यस्तो अवस्थामा संसद् प्रत्यक्षरुपमा सरकारको निर्देशनको सिकार भई स्वतन्त्ररुपमा आफ्नो विचार पनि व्यक्त गर्न नसक्ने अवस्थामा पुग्छ। तसर्थ अध्यादेश आवश्यक अधिकार हो तर यही अधिकारले सरकारलाई स्वेच्छाचारी र निरंकुशसम्म बनाउने गर्दछ। अध्यादेशको दुरुपयोगबाट लोकतन्त्रको खिल्ली उडाउने कार्य हुने गर्दछ, जननिर्वाचित प्रतिनिधित्वको उपहास हुने गर्दछ। तसर्थ अध्यादेशको सम्बन्धमा राजनीतिक इमानदारिताको आवश्यक पर्दछ। यसको लागि विशेष व्यवस्था हुनु आवश्यक छ।

विधायिकाले कानुन निर्माण गर्ने हो। त्यसको कार्यान्वयन कार्यपालिका अर्थात् सरकारले गर्ने हो। सरकार आफैँले विधायिकाको अधिकार खोसेर अघि बढेमा लोकतन्त्र कमजोर हुन जान्छ। सरकारले बनाएको कानुन संसद्ले अस्वीकार पनि गर्न सक्छ। तर सरकारले विधायिकालाई आफ्नो अधिनमा राख्न सक्छ। हालसालै सरकारबाट जारी भएको अध्यादेशको सम्बन्धमा सरकारमा रहेका दलको तर्फबाट आफ्ना विधायिकी सांसदहरुलाई अध्यादेशको पक्षमा बोल्न वा अध्यादेशको विपक्षमा आउने अन्य दलको प्रतिवाद गर्न करिब-करिब ह्वीप जारी भइसकेको छ। सरकारले विधायिकी सांसदहरुलाई यो गर, त्यो गर भनेर जब ह्वीप जारी हुन्छ भने विधायिकी अधिकार संकुचन हुन जान्छ। जसको प्रत्यक्ष प्रभाव लोकतन्त्रमा परिरहेको हुन्छ।

अध्यादेश सरकारको आवश्यकता र अधिकारको कुरा हो। तर यसलाई सरकारले अधिकारको रुपमा प्रयोग गरिरहँदा सरकारको मनसायको सूक्ष्म अध्ययन गरिनुपर्दछ। अध्यादेश तत्काल राज्यको लागि आवश्यक परेर ल्याइएको हो कि सरकारले आफ्नो सुविधाको लागि ल्याएको हो ? त्यसको सूक्ष्म विश्लेषण गर्नुपर्ने हुन्छ। हामी खाना पकाउँछौँ। खाना पकाउँदा पाक्नुभन्दा अघि आगो निभाएमा काँचै हुने सम्भावना हुन्छ भने पकाउनुपर्ने भन्दा बढी पकाएमा डढ्ने सम्भावना हुन्छ। अध्यादेशको अवस्था पनि त्यस्तै हुने गर्दछ। हुन त अध्यादेश सरकारको आवश्यकता र अधिकारको कुरा हो। तर विगतको अभ्यासलाई हेर्ने हो भने, अध्यादेश कतिपय अवस्थामा अन्य राजनीतिक दलहरुलाई कमजोर बनाउन, कतिपय अवस्थामा जनताका आधारभूत अधिकारहरुलाई खुम्च्याउनको लागि तथा कतिपय अवस्थामा सरकारले आफ्नो विशेषाधिकार वृद्धिको लागि ल्याइरहेको देखिन्छ। तसर्थ अध्यादेशको मनसाय र औचित्यको अध्ययन हुनु आवश्यक हुन्छ।

संविधान वा कानुनले दिएका सम्पूर्ण अधिकार कानुनबमोजिम नै प्रयोग गरिरहँदा पनि त्यसले नकारात्मक परिणाम दिने गर्दछ। कुनै पनि निरंकुश वा स्वेच्छाचारी सरकारले पनि कुनै घोषणा गरिरहँदा कानुनलाई नै आधार बनाएर गरिरहेको हुन्छ। भलै कानुनको व्याख्या आफ्नै तरिकाले गरिरहेको किन नहोस्। कुन सरकारले आफूले गरेको कार्यलाई संविधान विपरीत भन्ने गर्दछ र ? जे गरिरहेको हुन्छ उसले आफ्नो कार्यलाई कानुनबमोजिम भएको मानिरहेको हुन्छ, ठानिरहेको हुन्छ। यथार्थ विश्लेषण अरुले गर्ने हो। सरकारले यसअघि र हालसाल केही अध्यादेशहरु जारी गरेको छ। यी अध्यादेशहरुको औचित्यको पुष्टि भविष्यमा हुँदै जानेछ, तर यी अध्यादेशहरु संविधानसम्मत नै आएका छन्, विरोधको लागि विरोध गर्नुको कुनै तुक छैन। संसद् अधिवेशन शुरु हुनुभन्दा केही समयअघि सरकारले विभिन्न ५ वटा अध्यादेश ल्याएको छ।

सरकारले जारी गरेका अध्यादेशहरुमा 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, ०८१', 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१', 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१', 'निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१' र 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' रहेका छन् भने यसअघि 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, ०८१' जारी भएको थियो। यी अध्यादेशहरुका सम्बन्धमा भन्दा पनि मिश्रित प्रतिक्रियाहरु आइरहेका छन्। अध्यादेश हतारमा आवेग र आवेशको भावसहित आउने भएकोले त्यसमा भएका व्यवस्थाहरु सर्वस्वीकार्य नहुने पनि गर्दछन्। उल्लिखित अध्यादेशका व्यवस्थाहरुले कसैको हित र कसैको अहितसमेत गर्ने भएकोले यस्ता व्यवस्थाहरुले स्थायित्व प्राप्त गर्ने कुरामा ढुक्क हुने अवस्था रहन्छ। तसर्थ कहिलेकाहीँ अध्यादेश अस्थिरताको कारक पनि बन्ने गर्दछ।

उल्लिखित अध्यादेश जारी गर्ने सन्दर्भमा भूमिसम्बन्धी अध्यादेशको सम्बन्धमा भएका घटनाक्रमहरुले पनि अध्यादेशको सान्दर्भिकता, महत्व र जटिलताहरुको सम्बन्धमा स्पष्ट चित्र देखा परेको छ। यस्ता जटिलता र असमझदारीहरुलाई भविष्यमा आउन नदिनको लागि अध्यादेशको सम्बन्धमा भएको संवैधानिक प्रावधानमा समेत केही संशोधनको आवश्यकता रहेको देखिन्छ। राम्रो प्रावधान ९८ प्रतिशत नै राखियो भने पनि कुनै तवरबाट २ प्रतिशत मात्र पनि खराब प्रावधान राखियो भने त्यही २ प्रतिशत खराब प्रावधानले ९८ प्रतिशत सही प्रावधानलाई पनि दूषित बनाउन मद्दत गरिरहेको हुन्छ। तसर्थ यस्ता कुरामा सजग र इमानदार हुनै पर्दछ।

समाचारपत्रबाट

(लेखक काफ्ले अधिवक्ता हुनुहुन्छ।)

# स्कूल शिक्षामा किन प्रविधि ? सम्मेलन बुटवलमा हुँदै



बुटवल। बुटवलमा शिक्षामा प्रविधिको भूमिका, चुनौती र सम्भावनाहरूबारे छलफल गर्न 'बुटवल कन्फरेन्स-२०२५' आयोजना हुने भएको छ। नेपाल स्टीम एलायन्सको आयोजना तथा कोडिङ ओलम्पिक्स नेपाल, लुम्बिनी वर्ल्ड स्कूल र जिनियस टकको सहकार्यमा यही माघ १९ गते शनिबार दियालो फुडल्याण्ड, कालिकानगरमा 'स्कूल शिक्षामा किन प्रविधि' सम्मेलन हुने भएको हो।

बुधबार बुटवलमा पत्रकार सम्मेलन गरी शिक्षामा प्रविधि, एआई, कम्प्युटर साइन्स र डिजिटल सिपहरूको समावेश अनिवार्य बन्दै गइरहेका बेला शिक्षामा रूपान्तरणसम्बन्धी बहस पैरवी र दिशानिर्देश गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको नेपाल स्टीम एलायन्सका संस्थापक/सिइओ सुशिल बुढाथोकीले जानकारी दिए।

उक्त सम्मेलनमा विज्ञहरु डा.रामहरि लामिछाने, मङ्गोलिका चक्रवर्ती र सुशिल बुढाथोकीले सहजीकरण गर्ने उनले बताए। सम्मेलनमा शिक्षक, कक्षा १० देखि १२ सम्मका विद्यार्थी, अभिभावक तथा नीति निर्माताहरू सहभागी हुन सक्नेछन्। सहभागीहरुलाई निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ।

कार्यक्रममा डिजिटल शिक्षा र प्रविधि समावेशीकरण, अभिभावक र शिक्षकहरुलाई सशक्त बनाउने पहल, विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित क्षेत्रमा करियर मार्गचित्र, नीति निर्माताहरुसँग डिजिटल युगमा नेपालको शैक्षिक रणनीतिबारे छलफल हुनेछ।

# पेपर कपमा चिया, कफी पिउनु स्वास्थ्यका लागि हानिकारक

हामी मध्ये धेरैले कुनै न कुनै बेला प्लास्टिक वा कागजको डिस्पोजेबल गिलासमा पानी, चिया वा कफी पिएकै हुनुपर्छ। विवाह भोज होस् वा घुम्ति चिया पसल, यस्ता ठाउँमा डिस्पोजेबल कपको प्रयोग भएको हुन्छ।

यी कपहरू सजिलै उपलब्ध हुन्छन् र एक पटक प्रयोग गरेपछि पुन प्रयोग गरिँदैन। जसले गर्दा सफा गर्नुपर्ने झन्झट पनि हुने भएन। तर, यस कपको प्रयोगले स्वास्थ्यमा नकारात्मक असर गर्छ भन्ने कुराको अध्ययन भारतीय प्रविधि संस्थानले गरेको छ।

पानी, चिया वा कफीलाई लामो समयसम्म राख्नका लागि कागजको कपलाई भित्री भागमा प्लास्टिक वा मैनको पातलो तह लेपन गरिएको हुन्छ।

जब हामी ती कपमा तातो पेय पदार्थ राख्छौँ, यो कोटिङ पग्लन थाल्छ। जसका कारण पेय पदार्थमा प्लास्टिकका साना कण र हानिकारक रसायन मिसिएर शरीरमा प्रवेश गर्न सक्छ।

वैज्ञानिक अनुसन्धानले कागजको कपमा तातो पेय पदार्थ खन्याएपछि माइक्रो प्लास्टिक र रसायनहरू निस्कन सक्छ भनेर देखाउँछ। यी कणहरू लामो समयसम्म शरीरमा जम्मा भएर क्यान्सरजस्ता गम्भीर रोग निम्त्याउन सक्छ।



कोटिङ पेपर कपमा प्रयोग हुने रसायनहरूले हार्मोनल असन्तुलन पनि निम्त्याउन सक्छ। यसले थाइरोइड र प्रजनन् क्षमतामा नकारात्मक असर पार्न सक्छ। पेपर कप वातावरणका लागि पनि हानिकारक छ। यी 'बायोडिग्रेडेबल' हुँदैनन् र यसमा भएको प्लास्टिकको कारण, तिनीहरूलाई पुनः प्रयोग गर्न गाह्रो छ।

**अनुसन्धानले के भन्छ ?**

टाइम्स अफ इन्डियामा प्रकाशित एक अध्ययनका अनुसार यदि पेपर कपमा दिनमा तीन कप चिया वा कफी पिइन्छ भने हजारौँ माइक्रो प्लास्टिक कणहरू शरीरमा प्रवेश गर्न सक्छन्। यसले पाचन प्रणालीलाई मात्र हानी गर्दैन, तर शरीरका अन्य अङ्गहरूमा पनि नकारात्मक प्रभाव पार्न सक्छ। त्यसैले यदि अफिसमा चिया पिउनुहुन्छ भने, स्टिल वा सिसाको कप साथमा राख्नु राम्रो हुन्छ यो स्वास्थ्य र वातावरण दुवैका लागि राम्रो विकल्प हो। पेपर कपको प्रयोग कम गर्नुपर्छ।

सम्भव भएसम्म, पेपर कपको सट्टा पुनः प्रयोग गर्न मिल्ने कपहरू प्रयोग गर्नुपर्छ। आजकल बजारमा 'बायोडिग्रेडेबल' कपहरू उपलब्ध छन्। तिनीहरूलाई प्रयोग गरेर, स्वस्थ रहन सकिन्छ र वातावरणको सुरक्षा पनि गर्न सकिन्छ।

पेपर कपहरू सुविधाजनक त हुन्छन्। तर, तिनीहरूको अत्यधिक प्रयोग स्वास्थ्य र वातावरण दुवैको लागि हानिकारक हुन सक्छ।

त्यसैले पेपर कपको सट्टा दिगो र सुरक्षित विकल्प प्रयोग गर्नुपर्छ। यसले हाम्रो स्वास्थ्यको साथै वातावरणलाई पनि बचाउन सकिन्छ।

# स्वाभिमान टोल विकास संस्थाले पार्क बनाउने



बुटवल। स्वाभिमान टोल विकास संस्था बुटवल-११ देवीनगरले सार्वजनिक पार्क बनाउने भएको छ । टोल विकास संस्थाको बिहीबार सम्पन्न आठौं वार्षिक साधारणसभाले लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने रकमबाट सार्वजनिक पार्क बनाउने निर्णय गरेको हो । प्रदेश सरकारबाट प्राप्त हुने दश लाख रकम समेतबाट देवीपथको पूर्वतर्फ सार्वजनिक जग्गामा पार्क बनाउने तयारी गरिएको टोल विकास संस्थाका अध्यक्ष रामकृष्ण कण्डेलले जानकारी दिए।

टोल विकास संस्थाको आठौं वार्षिक साधारण सभाको उद्घाटन समारोहमा बोल्दै बुटवल उप-महानगरपालिका वडा नं. ११ का वडाध्यक्ष रामचन्द्र क्षेत्रीले पूर्वाधार विकाससँगै सामाजिक विकासतर्फ अग्रसर हुनु सकारात्मक रहेको बताए।

संघ, प्रदेश र उप-महानगरपालिकाबाट गरी ११ नं. वडामा एक वर्षमा ३० करोड बजेट परेको भन्दै वडाध्यक्ष क्षेत्रीले आफूहरु वडामा समानुपातिक विकासमा लागिपरेको बताए।

सो अवसरमा देवीनगर वातावरण संरक्षण तथा सरसफाइ उपभोक्ता सहकारी संस्थाका कोषाध्यक्ष हरिप्रसाद भट्टराई, शिवशक्ति टोल विकास संस्थाका अध्यक्ष दुर्गाबहादुर खनाल, समाज सुधार टोल विकास संस्थाका अध्यक्ष चिन्तामणि ज्ञवालीलगायतले बोलेका थिए । साधारणसभाले अध्यक्ष रामकृष्ण कण्डेलद्वारा प्रस्तुत नीति, कार्यक्रम तथा कोषाध्यक्ष नारायण गौतमद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन पारित गरेको थियो ।

टोल विकास संस्थाका अध्यक्ष रामकृष्ण कण्डेलको अध्यक्षता, उपाध्यक्ष मञ्जु सूर्यवंशीको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन सचिव अमर प्रधानले गरेका थिए।

# नेपालगञ्जमा नागरिकस्तरबाट क्रियापुत्री भवन निर्माण

राँझा । नेपालगञ्जमा नागरिकस्तरबाट रु एक करोड बढीको लागतमा क्रियापुत्री भवन निर्माण गरिएको छ। बढ्दो शहरीकरणका कारण घरघरमा काजक्रिया कर्म गर्न असहज हुँदै गएपछि नेपालगञ्ज उपमहानगरपालिका-४ स्थित शिव पार्वती मन्दिर अगाडि किरियापुत्री भवन निर्माण गरिएको हो ।

करिब तीन कठ्ठा जग्गाभित्र रु एक करोड १६ लाख ६७ हजार ८८० लागतमा साढे दुई तले सुविधा सम्पन्न क्रियापुत्री भवन निर्माण गरिएको निर्माण समितिका संयोजक सेमराज शाक्यले जानकारी दिए । उनका अनुसार साढे दुई तले उक्त भवनमा पुरुष र महिला क्रियापुत्री अलग अलग बस्ने कुरुवा कोठा र प्रशासनिक प्रयोगका लागि व्यस्था मिलाइएको छ । शहरी क्षेत्रमा डेरामा बस्ने मानिसलाई क्रियाकर्मको संस्कारका काम गर्न अब सहज हुनेछ। "हिन्दू धर्ममा जन्म र मृत्यु संस्कार निकै महत्वपूर्ण मानिन्छ, यसै कुराको दृष्टिगत गर्दै नेपालगञ्जको बसपार्क नजिक क्रियापुत्री घर निर्माण गरेका छौँ", संयोजक शाक्यले भने-"नागरिकस्तरबाट पहल र सहयोगबाट क्रियापुत्री भवन निर्माण गर्न सफल भएका छौँ ।"

नागरिकस्तरमा पहल लिएर निर्माण गरिएको अत्याधुनिक सुविधासहितको क्रियापुत्री भवनको बिहीबार उप-महानगरपालिकाका प्रमुख प्रशान्त विष्टले उद्घाटन गरेका थिए । सो अवसरमा उनले किरियापुत्री भवनले दुःखद कार्यमा परेका नगरवासीलाई सहजता प्राप्त हुने विश्वास व्यक्त गरे । उनले नेपालगञ्जमा टड्कारो रूपमा किरियापुत्री भवनको आवश्यकता महसुस हुँदै आएकामा सबैको साझा प्रयास र सहभागिताबाट भवन बन्नु सराहनीय कार्य भएको बताए ।विभिन्न क्षेत्रमा आबद्ध अगुवा समाजसेवीको पहलमा शिव पार्वती मन्दिरको जग्गामा विभिन्न दाता तथा सरकारी स्रोतको साझेदारीमा क्रियापुत्री घर निर्माण गरिएको निर्माण समितिका सचिव वसन्त लामिछानेले जानकारी दिए । नेपालगञ्ज-६ फुल्टेक्रा निवासी माधवी शाहले रु १० लाख प्रदान गरी पहिलो संकल्पकर्ता बनेर नागरिकस्तरबाट क्रियापुत्री घर निर्माणको पहल थालेपछि सबै क्षेत्रबाट सहयोग प्रदान हुँदै आएको उनको भनाइ छ ।

## Sarawal Rural Municipality
## Office Of Rural Municipal Executive
**Sarawal, Nawalparasi(B.S.W)**

**LumbiniProvince, Nepal**

## Invitation for Bids(NCB) E-Bidding Only

Second Date of publication: B.S 2081-10-17 (A.D 2025-01-30)

- Sarawal Rural Municipality, Office of Municipal Executive, Sarawal, Nawalparasinow invites Sealed bids NCB from eligible and qualified bidders for the construction of the following Projects.

| S. N | Contract ID | Name of Project | Estimated Amount exclusive VAT & Contingencies | Bid Type | Bid Doc Price | Bid Security Amount, NRs. | Bid/Bid Security validity period |
|---|---|---|---|---|---|---|---|
| 1 | 04/SRM/NCB/ 2081-82 | Badhi Niyantrankolagi Dhanewa Nadima Syphon Nirman, Sarawal 6 | 2756182.02 | NCB (e_GP 1S1E System) | 3000 | 80,000 | 90/120 days |

For detail notice visit office website: https://sarawalmun.gov.np/

# पत्रकार महासंघ रूपन्देहीद्वारा १३ बुँदे निर्णय

बुटवल । नेपाल पत्रकार महासंघ रुपन्देहीले विभिन्न निर्णयहरु गरेको छ।

महासंघको लुम्बिनीमा सम्पन्न २ दिने कार्ययोजना बैठकले १३ बुँदे निर्णय गरेको हो ।

महासंघका सचिव सीपी खनालले जारी गरेको प्रेस विज्ञप्तिअनुसार महासंघको कल्याणकारी कोषवृद्धि गर्ने, लेखनवृत्ति सञ्चालनका लागि कोष स्थापना गर्ने, संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारसँग सहकार्यगरी क्षमता विकासका तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्ने, सामाजिक संघ-संस्थाहरुसँग सम्बन्ध बिस्तारका लागि खेलकूद तथा अतिरिक्त क्रियाकलापहरुलाई थप व्यवस्थित बनाउनेलगायतका निर्णयहरु भएका छन् ।

यस्तै पत्रकार महिलाहरु सुत्केरी हुँदा सुत्केरीको पोषण तथा स्याहारका लागि सहयोग पुर्याउन सुत्केरी कोष स्थापना गर्ने,सञ्चारसम्बन्धि अध्ययन अनुसन्धान र पत्रकारिताको अनुभवमा आधारित प्रकाशनका कार्यहरु गर्ने, खोजमूलक पत्रकारिता र लेखनमा सघाउ पुर्याउने गरी मासिक रुपमा नलेज सिरिज सञ्चालन गर्ने, नेपाल पत्रकार महासंघ रुपन्देहीको मुखपत्र 'मोफसल'लाई ६-६ महिनामा प्रकाशन गर्ने, महासंघ रुपन्देहीको वेबसाइटलाई पत्रकारिताको अध्ययन सामग्रीहरुको संग्रहका रुपमा विकास गर्ने, सञ्चारमाध्यमहरुमा पत्रकारहरुले पारिश्रमिक पाए-नपाएको अनुगमन गर्ने र समयमा पारिश्रमिक प्रदान गर्नका लागि सञ्चारगृहहरुलाई अनुरोध गर्ने निर्णय भएका विज्ञप्तिमा उल्लेख छ।

यस्तै सञ्चारसंस्थाहरु सञ्चालनमा देखिएका समस्या र चुनौतीका सन्दर्भमा सञ्चालक र सरोकारवालाबिच छलफल सञ्चालन गर्ने र आवश्यक सहजीकरण गर्ने, पछिल्लो समय विभिन्न व्यक्तिहरुले सवारीका साधनहरुमा 'प्रेस' लेखेर हिंड्ने, यसको दुरुपयोग गर्नेलगायतका गतिवधि बढेको ठहर गर्दै महासंघका कुनै पनि सदस्यले सवारीमा प्रेस नलेख्न र लेखिएको भए मेटाउनका लागि आह्वान गर्ने निर्णय भएको छ।

यस्तै महासंघका नियमित गतिवधि सञ्चालनका लागि विभिन्न ९ वटा समिति गठन गरिएको विज्ञप्तिमा उल्लेख छ।

**अनुसूची–१५**

**(दफा ३३ को उप–दफा (२) सँग सम्बन्धित)**

## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८१/१०/१८

रहतावल सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा.-०३ र ०५ कपिलवस्तुको वन क्षेत्र बाट नियमानुसार आ.व.२०८०/०८१ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा तथा २०७९/०८० मा उत्पादन भई जिल्ला वन पैदावार आपुर्ति समितिबाट फिर्ता भएको काठ/दाउरा सा.व.उ.स.को घाटगद्दीमा लट बनाई राखिएको साल लगायत जातको गोलिया थान १९८१ को १५८२३.०८ क्यु.फि. काठ र साल लगायत जातको ३५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री रहतावल सामुदायिक वन उपभोक्ता समूह**

**शिवराज न.पा -०३ र ०५ कपिलवस्तु**

## गुल्मी अस्पताल,तम्घास

## सेवा करारमा पदपूर्ति सम्बन्धि सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।१०।१८

यस गुल्मी अस्पताल तम्घासको लागि दरबन्दी तथा कार्यक्रम करार सेवा अन्तर्गत तपशिल बमोजिमका पदहरुमा करार कर्मचारी व्यवस्थापन कार्यविधि(संशोधन सहित)ँ२०८० बमोजिम पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेको दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

| सि.नं | विज्ञापन नं. | पद | तह | न्यूनतम शैक्षिक योग्यता | माग संख्या | स्रोत |
|---|---|---|---|---|---|---|
| १ | ०७/२०८०/०८१ | ल्याव टेक्निसियन | पाँचौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याव टेक्निसियन उत्तीर्ण | १ जना | दरबन्दी करार |
| २ | ०८/२०८०/०८१ | स्टाफ नर्स | पाँचौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाण पत्र तह उत्तीर्ण | ३ जना | कार्यक्रम करार |
| ३ | ०९/२०८०/०८१ | रेडियोग्राफर | पाँचौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफिमा प्रविणता प्रमाण पत्र उत्तीर्ण | १ जना | दरबन्दी करार |

१. **विस्तृत विज्ञापनको जानकारी वा द्रष्टव्यको लागि** : गुल्मी अस्पतालको वेबसाइट gulmihospital.lumbini.gov.np हेर्नुहुन अनुरोध छ।

**पदपूर्ति समिती**

## Sandhikharka Municipality
## Office of Municipal Executive
**Sandhikharka, Arghakhanchi**

## Invitation for Electronic Bids

Date of publication: 2081/10/18 (31stJanuary, 2025)

1. Sandhikharka Municipality, Office of the Municipal Executive, Sandhikharka Arghakhanchi invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under national competitive bidding system.All others information and bid document can be downloaded from PPMO's e-GP system. www.bolpatra.gov.np/egp.

| Contract ID | Descriptions of Work | Estimate Amount (excluding Vat) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Bid Security Period | Last date of Bid Submission | Bid Open |
|---|---|---|---|---|---|---|---|
| NCB/SM/W/P/20/2081/82 | Rubdi Garta Pratakiya Park Construction | 31,36,054.29 | 3,000.00 | 96000.00 | 120 days | 2ndMarch. 2025. (2081/11/18) 12:00 Noon. | 2ndMarch. 2025. (2081/11/18) 12:30 PM |

***Information to deposit the cost in the Bank:***

- Name of the Bank: RastiyaBanijyaBank, Sandhikharka, Arghakhanchi
- Name of Office: Sandhikharka Municipality, Sandhikharka, Arghakhanchi
- Rajaswa (Internal revenue) Account no.: 3050100301010002 (For Bid Document)
- Name of Office Account:SANDHIKHARKA NP.PA. (GA-1-1)-AANTAR

2. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the biding document without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## Panini Rural Municipality
## Office of the Rural Municipal Executive
**Durgaphant, Arghakhachi**

## Invitation for ElectronicBids

**Notice No. 10/Panini/Procurement/081-82**

First Date of publication:2025/01/31(B.S. 2081/10/18)

1. Panini Rural Municipality Office, Durgaphant,Arghakhanchi invitesonly electronic bids from duly eligible and qualified registered Suppliers for the procurement and supply of following Goods under SQ Procedure. Name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract ID. | Project Description | Estimated Amount (Including VAT ) | Bid Security |
|---|---|---|---|---|
| 1 | PRM/SQ/Goods/17/081-82 | Procurement and supply of Dairy related equipments for Badunga Chheda Dugdha Dairy | NRs. 11,14,799.00 | NRs. 30,000.00 |
| Bid Document Fee :Rs 1000 Last date of Bid Submission : 2025/02/1612:00 Noon. | | | | |
| Bid Opening : 2025/02/16 1:00 PM | | | | |

| Bank Name | Name of Office | For Purchasing Bid Document | Cash Deposit for Bid Security |
|---|---|---|---|
| Global IME Bank Ltd. Pokharathok, Arghakhachi | Panini Rural Municipality Office, Durgaphant, Arghakhachi | Ga.1.1 Aantarik Rajashwo Khata Panini 21504010000016 Revenue Code No. 14229 | Ga.3.1 Dharauti Khata Panini 21504010000009 |

2. Tender Procedures shall follow public procurement act 2063, public procurement regulation 2064 and Standard Bidding Documents along with recent amendments.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# 'एक घर, एक धारा' अभियानले खानेपानीमा पहुँच सुनिश्चित



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले एक घर, एक धारा अभियानले उपभोक्ताको खानेपानीमा पहुँच सुनिश्चित गरेको बताए ।

भालुवाङमा बिहीबार आयोजित खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको निर्णायक तहमा महिलाको भूमिका विषयक प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले उक्त अभियानले आधारभूत तहका उपभोक्ताको खानेपानीमा पहुँच सुनिश्चित गरेको बताएका हुन् ।

लुम्बिनी प्रदेशमा ९२ प्रतिशत उपभोक्ताको पहुँचमा खानेपानी पुगेको उनले जानकारी दिए । उनले भने-"आधारभूत पानी मात्रै होइन, स्वच्छ पानी पुऱ्याउने सरकारको सङ्कल्प छ ।"

लुम्बिनी प्रदेशमा साना तथा ठूला गरेर तीन हजार एक सय ७० खानेपानी आयोजना सञ्चालनमा छन् । १५ लाख सात हजार छ सय ६३ उपभोक्ता शुद्ध खानेपानीको पहुँचमा पुगेको जनाइएको छ । दुई लाख ३७ हजार तीन सय ४८ धारा वितरण भएका छन् । चालु आर्थिक बर्षमा एक हजार तीन सय ९० आयोजना सञ्चालनमा छन् । जसका लागि एक अर्ब ५६ करोड ३३ लाख बजेट विनियोजन भएको छ ।

अघिल्लो सरकारको पालामा सुरु भएका तर, ८० प्रतिशत काम सम्पन्न भएर पनि पानी वितरण हुन नसकेका एक सय ५६ वटा योजना यस बर्ष सम्पन्न भई पानी वितरण गर्ने योजना प्रदेश सरकारको छ ।

यी आयोजना सम्पन्न भएमा सात लाख सात हजार थप उपभोक्तालाई पानीको सुविधा पुग्ने आँकलन गरिएको छ । आगामी बर्ष ६० देखि ८० प्रतिशतसम्म काम सम्पन्न भएका योजनामा बजेट थप गरेर सम्पन्न गरिने मुख्यमन्त्री आचार्यले जानकारी दिए । "जहाँ हात हाल्छौं त्यहाँ सफलता प्राप्त हुन जरुरी छ । अधुरा आयोजनालाई पुरा गर्नेगरी सरकारले रणनीति बनाएको छ", उनले भने-"संविधानले प्रदत्त गरेको खानेपानीको अधिकारलाई पूरा गर्न प्रदेश सरकार प्रतिबद्ध छ ।"

मुख्यमन्त्री आचार्यले खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थामा महिलाको सहभागिता सुनिश्चित भएपनि त्यसलाई अर्थपूर्ण बनाउन भूमिका बढाउनुपर्नेमा जोड दिए । शहरी क्षेत्रका खानेपानी संस्थामा महिलाको सहभागिता अर्थपूर्ण देखिए पनि ग्रामीण क्षेत्रका संस्थामा सहभागिता मात्रै रहेको उनको भनाइ छ । ग्रामीण क्षेत्रका संस्थामा पनि सशक्तिकरणलाई प्राथमिकतामा राख्नुपर्ने उनले बताए ।

# सेभेन ए साइड फुटबलको उपाधि जनज्योतिलाई



तिलोत्तमा । रुपन्देहीको तिलोत्तमामा सञ्चालित जिल्लास्तरीय अन्तर विद्यालय प्रथम सेभेन ए साईड फुटबल प्रतियोगिताको उपाधि तिलोत्तमाको जनज्योति मावि डिंगरनगरले जितेको छ ।

बुटवल पब्लिक स्कूलको आयोजनामा तिलोत्तमा- ११ बेलडाँडास्थित विद्यालयको आफ्नै खेल मैदानमासम्पन्न फाइनलमा क्यानन् मावि बुटवललाई २-० गोलले पराजित गर्दै जनज्योतिले उपाधि जितेको हो । प्रतियोगितामा रुपन्देहीका सामुदायिक र संस्थागत गरी १० विद्यालयले भाग लिएका थिए ।

क्याननका राजन दगाल उत्कृष्ट खेलाडी घोषित भए भने सर्वाधिक गोलकर्ता बुटवल पब्लिकका समीप रजाली र उत्कृष्ट गोलरक्षक जनज्योति माविका आर्यन विक भए । प्रतियोगिताको विजेताले १५ हजार ५ रुपैयाँ र दोस्रोले १० हजार ५ रुपैयाँ तथा उत्कृष्ट गोलरक्षक, सर्वाधिक गोलकर्ता र उत्कृष्ट खेलाडीले २ हजार ५ रुपैयाँका दरले पुरस्कार, ट्रफी र प्रमाणपत्र पाए । विजयी टिम र खेलाडीलाई प्याब्सन लुम्बिनी प्रदेश अध्यक्ष लालहरि पाण्डे, विद्यालयका संस्थापक अध्यक्ष हेमलाल शर्मा भुसाल र पुस्तक तथा स्टेशनरी व्यवसायी संघ रुपन्देहीका अध्यक्ष गोपाल बस्यालले पुरस्कार प्रदान गरेका थिए ।

सो अवसरमा बोल्दै प्याब्सन लुम्बिनी प्रदेश अध्यक्ष लालहरि पाण्डेले विद्यार्थीको खेल प्रतिभा प्रस्फुटन, खेलाडी उत्पादन र फुटबल खेलको विकासमा विद्यालयस्तरीय प्रतियोगिताको ठूलो महत्व हुने बताए ।

उनले बुटवल पब्लिक स्कूलले करोडौं लगानी गरेर आफ्नै सुविधासम्पन्न खेल मैदान र रिसर्च सेन्टर निर्माण गरेर नमूना काम गरेको भन्दै सराहना गरे ।

विद्यालयका संस्थापक अध्यक्ष हेमलाल शर्मा भुसालले १५ करोड लगानीमा विद्यालयले आफ्नै क्रिकेट र फुटबलको खेल मैदान, स्विमिङ पूलसहित ग्रीन हाउस समेत बनाएर खेलकुद गतिविधि सञ्चालन गरिरहेको बताए । विद्यालयका सह-प्राचार्य रामचन्द्र पौडेलले निकट भविष्यमै विद्यालयस्तरीय क्रिकेट प्रतियोगिता आयोजना गर्ने तयारीमा रहेको बताए ।

## जनताका काम छिटो छरितो गरेर सेवामुखी बन्न अग्रह

नवलपरासी । नेपाल निजामती कर्मचारी संगठनका केन्द्रीय उपाध्यक्ष तथा लुम्बिनी प्रदेश इञ्चार्ज दधिराम मरासीनीले वर्तमान अवस्थामा निजामति कर्मचारीले जनताका काम छिटो छरितो गरेर सेवामुखी वन्न अग्रह गरेका छन् ।

एक, दुई जना कर्मचारीका कारण निजामति कर्मचारी संयन्त्र बदनाम भएको हुँदा कर्मचारीहरु पनि समय अनुरुप आफूलाई परिर्वत गरेर अगाडि बढ्नुको विकल्प नरहेको बताए ।

नेपाल निजामती कर्मचारी संगठनका नवलपरासी पश्चिमको १२औं अधिवेशनमा उनले उक्त कुरा बताएका हुन् ।

नेपाल निजामति कर्मचारी संगठन नवलपरासी पश्चिमका अध्यक्ष विष्णुप्रसाद ढकालको अध्यक्षतामा भएको अधिवेशनमा नेपाल निजामती कर्मचारी संगठनका सचिवालय सदस्य दिपक शर्मा पौडेल, नेपाल निजामती कर्मचारी संगठनका सचिवालय सदस्य तथा रुपन्देही इञ्चार्ज नारायण भन्डारी, नेकपा एमाले नवलपरासीका सचिव धिरज शर्मा बस्याल, सरावल गाउँपालिकाका अध्यक्ष सुखाडीप्रसाद चौधरी, नेपाल पत्रकार महासंघ नवलपरासीका अध्यक्ष केशव पराजुली, पेशागत महासंघ लुम्बिनीका कोषाध्यक्ष राजेन्द्र क्षेत्री, नेपाल निजामती कर्मचारी संगठनका नवलपरासीका उपाध्यक्ष सुरेश पन्थी, नेपाल निजामती कर्मचारी संगठनका सचिब देवी पौडेललगायतले नेपाल निजामती कर्मचारी संगठनको भूमिकाका बारेमा धारणा व्यक्त गरेका थिए ।

### रूपन्देही सुपरलिगः

# तिरूपति ४ विकेटले विजयी




भैरहवा । तिरुपति क्रिकेट क्लबले भैरहवामा जारी रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगितामा जित हात पारेको छ ।

प्रतियोगिताअन्तर्गत 'ए' डिभिजनको बिहीबारको खेलमा उसले बुटवल राइनोज क्रिकेट क्लबलाई ४ विकेटले पराजित गर्दै जित हात पारेको हो ।

जितका लागि पाएको १ सय ८ रनको लक्ष्य तिरुपतिले २४ ओभर २ बलमा ६ विकेट गुमाएर १ सय ११ रन बनाउँदै पूरा गर्यो र जित निकाल्यो । उसको जितमा एजाजुल हकले ३३, बसिर अहम्मदले २२, आनन्द गौडले २० र तुलबहादुर थापाले अविजित ११ रन जोडे । बलिङमा बुटवल राइनोजका सुप्रिम कँडेलले ३ तथा शिव कुँवर र इमरान शेषले १-१ विकेट लिए ।

यसअघि सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको बुटवल राइनोजले निर्धारित ४१ ओभरमा ३२ ओभर ५ बल खेल्दै सबै विकेट गुमाएर १ सय ७ रनको सामान्य लक्ष्य खडा गरेको थियो । उसका लागि इमरान शेषले २५, विपिन विक्रम शाहीले २१ र सुशान्त सिंहले १५ रन बनाए । बलिङमा तिरुपतिका इन्द्रजित यादवले ३, बसिर अहम्मदले २ तथा तुलबहादुर थापा, सन्दीप मौर्य र आकाश त्रिपाठीले समान १-१ विकेट लिए । खेलमा तिरुपतिका बसिर अहम्मद प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजना र सिद्धार्थनगर नगरपालिकाको सहप्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए ।

# मर्चवार इलाका प्रशासनमा चोरी

भैरहवा । रुपन्देहीको मर्चवार क्षेत्रमा चोरीको घटना दोहोरिए पनि चोर पत्ता लगाउन सकिएको छैन ।

केही महिना अगाडि मर्चवारी गाउँपालिका वडा नं. ५ स्थित जनकल्याण स्वावलम्बन सहकारीबाट २३ लाख रुपैयाँ चोरी भएको थियो । चोरी भएको ६ महिना बित्दा समेत चोर पत्ता लगाउन नसकिएको अवस्थामा अहिले बुधबार राती इलाका प्रशासन कार्यालय मझगावाँमा चोरी भएको छ ।

राष्ट्रिय परिचय पत्र सेवाको कोठा नं. २ को ताला तोडिएर चोरी भएको इलाका प्रशासन कार्यालय मझगावाँका प्रमुख यज्ञराज पोखेलले बताए । ताला तोडेर राष्ट्रिय परिचय पत्र बनाउने ल्यापटप तथा क्यामरा चोरी भएको छ । बिहान कर्मचारी आएपछि ताला तोडिएको अवस्थामा देख्न साथ चोरी भएको खुलेको हो । कार्यालयमा सिसिटीभी क्यामरा समेत छैन ।

उक्त कार्यालयबाट नागरिकता, राष्ट्रिय परिचय पत्र, प्रमाणित गर्ने कागजातको सेवाहरु प्रदान हुँदै आएको थियो ।

इलाका प्रहरी कार्यालय मझगावाँका प्रमुख प्रहरी निरीक्षक सन्तोष बस्यालले चोरी घटनाको अनुसन्धान सुरु भएको बताए । आवश्यक जनशक्तिसहित उक्त घटनाको अनुसन्धान गर्न थालिएको प्रहरी निरीक्षक बस्यालले बताए ।

उनले भने-'चोरी भएको इलाका प्रशासन कार्यालय मझगावाँमा सिसिटीभी क्यामरा छैन, नजिक रहेको अन्य कार्यालयमा जडान भएको क्यामराको सहायतासहित विभिन्न प्रविधिको प्रयोग गरी कडा अनुसन्धान गर्न थालिएको छ ।' उक्त घटनामा एक थान एचपी कम्पनीको ल्यापट र एक थान क्यानान कम्पनीको क्यामरा चोरी भएको प्राम्भिक अवस्था खुल्न आएको प्रहरी निरीक्षक बस्यालले जानकारी दिएका छन् ।

सहकारीमा चोरी हुँदा सिसिटीभीमा राती करीब १२ बजे दुई जना माक्स र टोपी लगाएर स्वावलम्बनको ताला तोडेरभित्र प्रवेश गरेको देखिए पनि ती चोरहरु हालसम्म को हुन भन्ने पत्ता लागेको छैन । २०७९ साल पुष महिनामा पनि मर्चवारी गाउँपालिका वडा नं. ४ को खैरास्थित वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र बनाउने टोलीको ल्यापटप नै चोरी भएको थियो । चोरिएको ल्यापटप हालसम्म फेला परेको छैन ।

सूचनाको हकको सम्मान र प्रबर्द्धन गरौं ।

**सार्वजनिक निकायले:**

-अनिवार्य रुपमा सूचना अधिकारी तोकौं,

-सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं ।

-माग गरिने सूचना सहज रुपमा समयमै उपलब्ध गराऔं ।

**सूचना मागकर्ताले:**

-सूचना चाहेको निकायबाटै सूचना माग गरौं ।

-सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं ।

-प्राप्त सूचनाको सदुपयोग गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)

यातायात मजदूर संघको भवनमा

फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७

E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.

९७५५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५

शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३

रियुस सेनेटरी ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्

फोन: ०७१-५३५३१७

९८५७०६०३६८, ९८५७०६०३८४

न्यू कुमकुम ज्वेलर्स

बि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत ७५ वर्षदेखि तपाईंको सेवामा समर्पित

स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल

पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com